आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: ९६।७८२
दर्ता मिति: २०८२।११।२६

परिषद्बाट स्वीकृत ..... २०५५।७।२३

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून व्यवसायी परिषद्ले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यी नियमहरूको नाम "आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "सचिव" भन्नाले परिषद्को सचिव सम्झनु पर्छ ।

(ग) "नेपाल बार एशोसिएशन" भन्नाले राष्ट्रिय निर्देशन ऐन बमोजिम संगठित नेपाल बार एशोसिएशन सम्झनु पर्छ ।

(घ) "बार एकाई" भन्नाले नेपाल बार एशोसिएशनद्वारा मान्यता प्रदान गरिएका एकाईलाई सम्झनु पर्छ ।

(ङ) "पार्षद्" भन्नाले ऐनको दफा ४ को उपदफा (१) बमोजिमका पार्षद् सम्झनु पर्छ ।

(च) ∠"प्रदेश" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिमका ७ प्रदेशलाई सम्झनु पर्दछ ।

३. **पार्षद्हरूको निर्वाचन र मनोनयनः** (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ङ) बमोजिमका पार्षद्हरूको निर्वाचन परिषद्ले तोकेको कार्यविधिबमोजिम∇ *परिषद्द्वारा गठित निर्वाचन समन्वय समिति वा*नेपाल बार एशोसिएशनले गराउने र विजयी उमेदवारको जानकारी परिषद्लाई दिनेछ ।

(२) ऐनको दफा ४ को उपदफा(१) को खण्ड (च) बमोजिम नेपाल बार एशोसिएशनले दुई जना पार्षद् मनोनीत गरी त्यसको जानकारी परिषद्लाई दिनेछ ।

(३) उपनियम (१) बमोजिम हुने निर्वाचनमा परिषद्को आर्थिक प्रशासन नियमावली, २०५५ को नियम २१ बमोजिमको शुल्क तिरेका वरिष्ठ अधिवक्ता र अधिवक्तालाई मात्र भाग लिने अधिकार हुनेछ ।

४. **सचिवको व्यवस्थाः** (१)परिषद् तथा यसका समिति उपसमितिको बैठकमा सचिवको उपस्थिति हुनेछ ।

(२) परिषद् तथा यसका समिति उपसमितिको कार्यवृत्त पुस्तिका सचिवको जिम्मामा रहनेछ ।

(३) अत्यन्त महत्वका पत्रहरूमा अध्यक्षको सही हुनेछ र अन्य सबै सूचना, पत्र, दैनिक प्रशासनिक कामको जिम्मेवारी अध्यक्षको निर्देशन तथा कार्यसम्पादन समिति र अन्य समिति उपसमितिको निर्णयको परिधिभित्र रही सचिवले गर्नेछ ।

५. **समिति र उपसमितिको गठन र कार्यबिधिः** (१) परिषद्ले कुनै खास अवधि तोकी १ जना संयोजकसहित ϒ*आवश्यकताको आधारमा* समिति गठन गर्न सक्नेछ ।

तर, तोकिएको अवधिपूर्व नै परिषद्लाई समिति विघटन गर्न कुनै बाधा पर्ने छैन ।

(२) समिति गठन गर्दा परिषद्ले समितिको कामहरू स्पष्ट शब्दमा तोकिदिनु पर्नेछ ।

(३) परिषद्द्वारा गठित समितिमा बहुमतको निर्णयलाई समितिको निर्णय मानिनेछ ।

∠ परिषद्को मिति २०८०।३।२१ को निर्णयानुसार संशोधन ।

∇ परिषद्को मिति २०७१।८।२८ को निर्णयानुसार संशोधन एवं थप ।

ϒ परिषद्को मिति २०७४।१०।२५ को निर्णयानुसार संशोधन ।

सचिव

(४) कुनै प्रश्नमा सदस्यहरूकाबीच मत बराबर भएमा समितिको वा उपसमितिको सभापतित्व गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिले आवश्यक सम्झेको आफ्नो कामको सहयोगका लागि कुनै बैठकमा कुनै कानून व्यवसायी वा बिशेषज्ञलाई आमन्त्रित गर्नसक्नेछ ।

(६) समितिले कार्यसम्पादनको लागि निश्चित शर्त तोकी बढीमा ३ जना रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(७) समितिले आफूमा अन्तरनिहित अधिकार कुनै सदस्यलाई निश्चित शर्तहरू तोकी सुम्पन सक्नेछ ।

(८) समिति वा उपसमितिको बैठकमा बिना सूचना लगातार ३ पटक अनुपस्थित हुने व्यक्तिलाई समिति वा उपसमितिबाट हटाउन सकिनेछ ।

(९) उपनियम (८) का अतिरिक्त देहान्त भएमा वा राजीनामा गरेमा वा कानून व्यवसायमा संलग्न हुन नसक्ने अवस्था परेमा समिति वा उपसमितिको सदस्यता स्वतः समाप्त हुनेछ ।

(१०) अनुशासन समितिले उजूरी निवेदन परेको ७ दिनभित्र कारवाही आरम्भ र अङ्ग पुगेको ▽*मितिले सामान्यतया*१ महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(११) समिति वा उपसमितिको संयोजक बैठकमा उपस्थित नभएमा वा उपसमितिमा संयोजक नतोकिएको अवस्थामा कानून व्यवसायीको तह वा समान तह भए कानून व्यवसायी प्रमाणपत्रको आधारमा अधिल्लो संख्याको व्यक्तिले सभापतित्व गर्नेछ ।

६. **कार्यसम्पादन समितिः** (१)परिषद्को उपाध्यक्ष संयोजक र अर्को एक पार्षद् सदस्य तथा सचिव सदस्य सचिव रहेको एक कार्यसम्पादन समिति गठन हुनेछ ।

(२) कार्यसम्पादन समितिमा संलग्न पार्षद्हरूले अनुशासन समिति र परीक्षा समिति बाहेक अन्य समिति उपसमितिका बैठकमा भाग लिनेछन् ।

(३) परिषद्को निर्णय कार्यान्वयन गराउने, समितिहरूका काममा समन्वय कायम गराउने, समिति उपसमितिहरूलाई गतिशील बनाउने र दैनिक प्रशासनिक काम कारवाही सुचारूरूपले सञ्चालन गर्ने प्रमुख जिम्मेवारी कार्यसम्पादन समितिको हुनेछ ।

७. **वृत्ति विकास समितिः**(१)परिषद्ले ऐनको दफा ८ (१) (ट) को काम कर्तव्य र अधिकार प्रयोग गर्न वृत्ति विकास समिति गठन गर्नेछ ।

(२)यस समितिले आफ्नो उद्देश्यभित्र रही आफ्नो कार्यक्षेत्र आफैले निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यसम्पादन गर्दा समितिले परिषद्को आर्थिक प्रशासन नियमावली, वार्षिक बजेट र परिषद्का अन्य नियमावलीका अधीनमा रहनु पर्नेछ ।

८. **कानून शिक्षा समितिः**(१)परिषद्ले ऐनको दफा ८ (१) (झ) को काम कर्तव्य र अधिकार प्रयोग गर्न कानून शिक्षा समिति गठन गर्नेछ ।

(२) यस समितिले आफ्नो उद्देश्यभित्र रही आफ्नो कार्यक्षेत्र आफैले निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यसम्पादन गर्न समितिले परिषद्को आर्थिक प्रशासन नियमावली, बार्षिक बजेट र परिषद्का अन्य नियमावलीका अधीनमा रहनु पर्नेछ ।

९. **प्रकाशन समितिः** (१) परिषद्ले ऐनको दफा ८ (१) (ठ) को प्रयोजनार्थ निर्णय गरेका कुरा प्रकाशित गर्न प्रकाशन समिति गठन गर्नेछ ।

(२) यस समितिले आफ्नो उद्देश्यभित्र रही आफ्नो कार्यक्षेत्र आफैले निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यसम्पादन गर्दा समितिले परिषद्को आर्थिक नियमावली, बार्षिक बजेट र परिषद्का अन्य नियमावलीका अधीनमा रहनु पर्नेछ ।

▽ परिषद्को मिति २०७०।१०।१४ को निर्णयानुसार संशोधन ।

सचिव

१०. **पुरस्कार समितिः** (१) परिषद्ले ऐनकोदफा८(१) (ण) को काम कर्तव्य र अधिकार प्रयोग गरी निर्णय गरेका पुरस्कार प्रदान गर्न उपयुक्त सिफारिश गर्न पुरस्कार समितिको गठन गर्नेछ ।

(२) यस समितिले आफ्नो उद्देश्यभित्र रही आफ्नो, कार्यक्षेत्र र कार्यविधि आफैंले निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यसम्पादन गर्दा समितिले परिषद्को आर्थिक प्रशासन नियमावली, वार्षिक बजेट र परिषद्का अन्य नियमावलीको अधीनमा रहनु पर्नेछ ।

११. **छनौटका आधारः** (१) वृत्तिविकास समितिले कुनै पनि तालीम वा कार्यशाला वा आवधिक कानूनी शिक्षा वा अध्ययन वा प्रशिक्षण वा अन्य यस्तै कार्यक्रममा कानून व्यवसायीको छनौट गर्दा कार्यक्रमको प्रकृति हेरी केन्द्र वा [२] *प्रदेश*लाई आधार बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम केन्द्रीय स्तरमा उम्मेदवार छनौट गर्दा योग्यता पुगेका सम्पूर्ण कानून व्यवसायीहरूले र [२] *प्रदेश* स्तरमा छनौट गर्दा सोही क्षेत्रमा कार्यरत कानून व्यवसायीहरूले मात्र उम्मेदवार हुन पाउनेछन् ।

(३) [२] *प्रदेश*का आधारमा कानून व्यवसायीको छनौट गर्दा सम्बन्धित [२] *प्रदेश*को पार्षद् संयोजक, सोही [२] *प्रदेश*को नेपाल बार एशोसिएशनका उपाध्यक्ष सदस्य र निज दुईद्वारा मनोनीत सोही [२] *प्रदेश*को कुनै एक बार एकाई अध्यक्ष सदस्य रहेको ३ सदस्यीय छनौट समिति गठन गर्नु पर्नेछ ।

(४) कानून व्यवसायी वृत्ति विकासका लागि वृत्ति विकास समितिले केन्द्रीय स्तरमा मात्र छनौट गर्ने निर्णय गरेमा कार्यसम्पादन समितिले वा बिषयको प्रकृति हेरी कार्यसम्पादन समितिले नेपाल बार एशोसिएशनको समेत प्रतिनिधित्व हुने गरी तोकेको ३ सदस्यीय छनौट समितिले यो काम गर्नेछ ।

(५) कानून व्यवसायी वृत्ति विकास कार्यक्रम अन्तर्गत कुनै पनि कार्यक्रमको सहभागी छनौटका लागि राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरी सार्वजनिकरूपमा दरखास्त आव्हान गर्नु पर्नेछ ।

(६) कानून व्यवसायी वृत्ति विकासका लागि आवश्यक योग्यता वृत्ति विकास समितिले निर्धारण गरी उपयुक्त उम्मेदवार छनौट गर्नेछ ।

(७) उपनियम (६) बमोजिम छनौट गर्ने प्रयोजनका लागि सामान्यतया देहाय बमोजिमको कानून व्यवसायी समूह निर्धारण गरिनेछ :

(क) ३ बर्षभन्दा कम व्यावसायिक अनुभव भएका,

(ख) ३ बर्षभन्दा बढी १० बर्षसम्मको व्यावसायिक अनुभव भएका,

(ग) १० बर्षभन्दा बढी १५ बर्षसम्मको व्यावसायिक अनुभव भएका, र

(घ) १५ बर्षभन्दा बढी व्यावसायिक अनुभव भएका ।

स्पष्टिकरण :

(१) व्यावसायिक अनुभवका लागि परिषद्मा भएको अद्यावधिकको लगतलाई आधार मानिनेछ ।

(२) परिषद्बाट कानून व्यवसायी प्रमाणपत्र लिएका व्यक्तिका हकमा अद्यावधिक गराउन परिषद्ले तोक्ने अवधिपूर्वको स्थितिमा अद्यावधिक भए सरह मानिनेछ ।

(३) व्यावसायिक अनुभव गणना गर्दा कानून व्यवसायमा निरन्तरतालाई आधार मानिनेछ ।

(४) सम्बन्धित [२] *प्रदेश*मा कानून व्यवसाय गरे नगरेको वा निरन्तरताका बारेमा प्रश्न उठेमा बार एकाईको सदस्यतालाई आधार मानिनेछ ।

---

[१] परिषद्को मिति २०७६।४।७ को निर्णयानुसार संशोधन ।

[२] ऐ ऐ।

[३] ऐ ऐ।

[४] ऐ ऐ।

[५] ऐ ऐ।

[६] परिषद्को मिति २०७६।४।७ को निर्णयानुसार संशोधन ।

[७] ऐ ऐ।

(८) कानून व्यवसायी वृत्ति विकासमा लागि छनौट गर्दा उपनियम (७) को अधीनमा रही देहाय बमोजिम अंक प्रदान गरी सबैभन्दा बढी अंक हासिल गर्नेलाई छनौट गर्नुपर्नेछ ।

१. **शैक्षिक योग्यता:**

क्र.सं.	योग्यता	प्रथम श्रेणी	द्वितीय श्रेणी	तृतीय श्रेणी
(क)	बी.एल/एलएल.बि.वा सो सरह	२०	१५	१०
(ख)	सो भन्दा तल्लो आइ.एल.वा सो नभए आइ.ए.वा सो सरह	१०	८	६
(ग)	एस.एल.सी.वा सो सरह	६	४	२
(घ)	एलएल.एम.वा सो सरह	३	२	१
(ङ)	कानूनको बिषयमा बिद्यावारिधि भए	१		

२. **अनुभव:** प्रतिवर्ष २ अंकका दरले अधिकतम १५ बर्षसम्म ।
तर ६ महिनाभन्दा कम अनुभवका लागि कुनै अंक दिइने छैन ।

३. कार्यक्रमको बिषय हेरी बढीमा ५ अंकसम्म अंग्रेजी भाषा, कानूनको कुनै खास बिषयमा प्राप्त गरेको अंक र उक्त क्षेत्रमा उम्मेदवारले हासिल गरेको अनुभवका आधारमा प्रदान गर्न सकिनेछ ।

(९) नियम ११ को उपनियम (२) र (७) मा जेसुकै लेखिएको भएता पनि महिला कानून व्यवसायीहरूका लागि निश्चित संख्या वृत्ति विकास समितिले छुट्याई, यी संख्यामा उपनियम ८ को प्रक्रिया अपनाई छनौट गर्नेछ ।

(१०) नियम ११ को उपनियम (७) र (८) मा जेसुकै लेखिएको भएतापनि कुनै कानून व्यवसायीले परिषद्बाट तालीम वा अध्ययन वा अन्य कुनै सुविधा उपभोग गरेको ३ बर्ष व्यतीत नभई सामान्यतया अर्को कार्यक्रमका लागि छनौट गर्न सकिने छैन ।

(११) परिषद्को लगानी वा तत्परतामा तालीम वा प्रशिक्षण वा अन्य कुनै शैक्षिक उपाधि हासिल गर्ने कानून व्यवसायीलाई स्वदेश वा निज रहेको भौगोलिक क्षेत्रमा निश्चित अवधिसम्म काम गर्नै पर्ने गरी परिषद्ले कवुलियत गराउन सक्नेछ ।

(१२) उप नियम (११) को कवुलियत उल्लंघन गर्ने कानून व्यवसायीसँग परिषद्ले आफूले गरेको लगानी र त्यसको परिषद्ले ठहर गरेबमोजिमको क्षतिपूर्ति प्रचलित कानून बमोजिम सम्बन्धित कानून व्यवसायीको घर घरानाबाट असूल उपर गरी गराई लिन सकिनेछ ।

१२. **पार्षद्को अयोग्यता:** (१) पार्षद्हरू ऐनद्वारा निर्धारित योग्यता बमोजिमका छैनन् भनी उजूरी परी वा अन्य माध्यमले परिषद्को जानकारीमा आई छानवीन गर्दा उजूरी साँचो देखिन आएमा परिषद्ले सम्बन्धित व्यक्तिलाई पार्षद्बाट हटाउनु पर्छ ।

तर, पार्षद्बाट हटाउनु पूर्व सम्बन्धित व्यक्तिलाई समुचित प्रतिवादको मौका दिइनेछ ।

(२) कुनै पार्षद् अयोग्य ठहरी पद रिक्त हुन आएमा उक्त व्यक्ति पार्षद् निर्वाचित वा मनोनीत भएको प्रक्रियाद्वारा नै बाँकी अवधिका लागि पदपूर्ति गरिनेछ ।

(३) उपनियम (१) बमोजिम अयोग्य ठहर्नु पूर्व उक्त पार्षद्ले गरेका काम, कारवाही र निर्णय अवैध मानिने छैन ।

१३. **अद्यावधिक** : (१) प्रत्येक ५ बर्षमा कानून व्यवसायीहरूको लगत अद्यावधिक बनाइनेछ । लगत अद्यावधिक बनाउने प्रयोजनका लागि कानून व्यवसायीहरूले अनुसूची १ को ढाँचामा विवरण भरी स्वयं वा आफू सदस्य रहेको बार एकाई मार्फत परिषद्मा निवेदन दिन सक्नेछन् ।

(२) कुनै सरकारी वा गैरसरकारी कार्यालय वा संघ संस्था वा निकायमा पूरा समय नोकरीमा संलग्न

परिषद्को मिति २०७६।१।१३ को निर्णयानुसार संशोधन ।

सचिव

व्यक्ति र अन्य कुनै व्यवसायमा संलग्न व्यक्तिले [▽]*कानून व्यवसायीको प्रमाणपत्र लिएको रहेछ* भने नोकरी समाप्त भएपछि वा अन्य व्यवसाय छोडेपछि परिषद्मा निवेदन दिन पाउनेछ ।

तर, पूरा समय नोकरी गरे पनि कानून व्यवसाय गर्ने स्वीकृति निज बहाल रहेको निकायले प्रदान गरेको रहेछ भने त्यसको प्रमाणसहित निवेदन दिन पाउनेछ ।

(३) उपनियम (१) र (२) को प्रक्रिया पूरा गरी पर्न आएका निवेदन छानवीन गरी परिषद्ले सर्वोच्च अदालत वा परिषद्ले प्रदान गरेको प्रमाणपत्र संख्याको वरिष्ठता कायम राख्दै आफ्नो लगत किताब अद्यावधिक बनाई राख्नेछ । परिषद्ले अद्यावधिक गरेपछि अनुसूची-३ को ढाँचामा परिचयपत्र निवेदकलाई दिन सक्नेछ ।

(४) उपनियम (३) को छानवीन गर्ने प्रयोजनका लागि परिषद्ले अद्यावधिकका लागि निवेदन गर्ने सम्पूर्ण व्यक्तिहरूको नामावली आफ्नो बुलेटिनमा प्रकाशित गर्न सक्नेछ । यसरी प्रकाशित गरिने नामावलीमा संलग्न व्यक्तिले झूठो विवरण दिएको रहेछ भने जानकारी दिन सार्वजनिक आव्हान गरिनेछ ।

(५) उपनियम (१) बमोजिम पेश गरेको निवेदन व्यहोरा वा उपनियम (२) बमोजिम पेश गरेको प्रमाण झूठो रहेको खुल्न आएमा परिषद्द्वारा निर्धारित कानून व्यवसायीको आचारसंहिता, २०५१ को नियम ३(१) बमोजिम अनुशासन समितिले कारवाही र सजाय गर्नेछ ।

(६) उपनियम (५) बमोजिम सजाय पाएको व्यक्तिको अद्यावधिक लगत खारेज हुनेछ ।

[▽]१४. ***नयाँ कानून व्यवसायीको प्रमाणपत्रः*** *(१) परिषदद्वारा संचालित परीक्षामा उत्तीर्ण हुने व्यक्तिले कानून व्यवसायीको प्रमाणपत्र पाउन तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको फाराम भरी परिषद्मा निवेदन गर्नु पर्नेछ ।*

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सरकारी वा गैर सरकारी कार्यालय वा संघ संस्था वा निकायमा पुरा समय नोकरीमा संलग्न व्यक्ति र अन्य कुनै व्यवसायमा संलग्न व्यक्तिले भने नोकरी समाप्त भएपछी वा अन्य व्यवसाय छोडेपछी मात्र परिषद्मा कानून व्यवसायी प्रमाणपत्रका लागि निवेदन दिन पाउनेछ ।

तर पुरा समय नोकरी गर्ने व्यक्तिले कानून व्यवसाय गर्ने स्वीकृति निज बहाल रहेको निकायको अख्तियारवालाबाट लिएको प्रमाण पेश गरेमा उपनियम (१) बमोजिम कानून व्यवसायीको लागि निवेदन दिन पाउनेछ ।

(३) कानून व्यवसायीको प्रमाणपत्रका लागि निवेदन दिने समय तोकिए बमोजिम हुनेछ ।

(४) उपनियम (१) र (२) बमोजिम कानून व्यवसायीको प्रमाणपत्रका लागि प्राप्त निवेदन छानविन गरी अनुसूची-४ बमोजिमको ढाँचामा कानून व्यवसायीको प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रमाणपत्र पाउने व्यक्तिले प्रमाणपत्र प्राप्त गर्नुपूर्व अनुसूची-२ बमोजिमको प्रतिज्ञा गर्नुपर्नेछ ।

(६) परीक्षार्थीले परीक्षाका लागि भरेको दरखास्त फाराममा भएको दस्तखत र तस्वीर भिडाई मिलेमा मात्र उपनियम (४) बमोजिम प्रमाणपत्र प्रदान गरिनेछ ।

१५. **<u>वरिष्ठ अधिवक्ताको प्रमाणपत्रः</u>** सर्वोच्च अदालतबाट ऐनको दफा २१ अनुरूप वरिष्ठ अधिवक्ताको [◊]*उपाधी प्रदान गर्ने निर्णय* भई आएमा परिषद्ले अनुसूची-५ को ढाँचामा प्रमाणपत्र दिनेछ ।

१६. **<u>कानून व्यवसायीको ठेगाना</u>** : (१) प्रत्येक कानून व्यवसायीको [√]*निजले अद्यावधिक गर्दा पेश गरेको विवरण र प्रमाण कागजात अनुसार परिषद्ले अभिलेख अद्यावधिक गर्नेछ ।*

(२) आफ्नो ठेगाना परिवर्तन भएमा सम्बन्धित कानून व्यवसायीले अविलम्ब परिषद्मा लिखित सूचना गर्नु पर्नेछ ।

▽ परिषद्को मिति २०७६।१०।१० को निर्णयानुसार संशोधन ।

◊ परिषद्को मिति २०७६।१०।१० को निर्णयानुसार संशोधन ।

√ परिषद्को मिति २०७०।१०।१४ को निर्णयानुसार संशोधन ।

ऐ.ऐ।

सचिव

१७. **कानून व्यवसायीको नामावली** : (१) नियम १४ र १५ बमोजिम कानून व्यवसायीमा दरिएका व्यक्तिहरूको नामावली परिषद्ले आफ्नो अर्ध-बार्षिक बुलेटिनमा प्रकाशित गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बुलेटिन नेपाल[◊].....राज्यका सबै न्यायिक, अर्द्धन्यायिक तथा सम्वद्ध निकायमा पठाइनेछ ।

१८. **कानून व्यवसायीको लगत किताब** : ऐन तथा नियमावली अनुसार कानून व्यवसाय गर्ने प्रमाणपत्र पाएका व्यक्तिहरूको क्रम, प्रमाणपत्रको किसिम, पद, नाम, ठेगाना, फोटो, निजको फायल नम्बर र सहीछाप समेत अङ्कित हुने गरी छुट्टै रजिष्टर किताब र फायल खडा गरी अभिलेख राखिनेछ ।

१९. **व्याख्याः** परिषद्का ऐन, नियम र निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार परिषद्लाई हुनेछ ।

२०. **खारेज** : आन्तरिक कार्यव्यवस्था नियमावली, २०५१ खारेज गरिएको छ ।

नेपाल कानून व्यवसायी परिषद्
Lautpur Nepal
Estd. 1993
Nepal Bar Council

सचिव

◊ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने २०६६ द्वारा झिकिएको ।

अनुसूची - १
(नियम १३(१) सँग सम्बन्धित)

दुवै कान देखिने हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

श्री नेपाल कानून व्यवसायी परिषद्
मार्फत : नेपाल बार एशोसिएशन, ... एकाई ।

विषय : कानून व्यवसायीको लगत अद्यावधिक गरिपाउँ ।

म कानून व्यवसायमा संलग्न भई आएकोले अद्यावधिक गर्न लाग्ने शुल्क रू..... र फोटो सहित संलग्न गरी परिषद्मा मेरो नाम अद्यावधिक गरी पाउन उल्लिखित विवरण भरी पेश गरेको छु । मलाई नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय भएको छैन । म कुनै पनि सरकारी वा अर्द्धसरकारी कार्यालय वा संघ वा संस्था वा निकायमा पुरा समय काम गर्ने कर्मचारीका रूपमा कार्यरत छु ( )/ छैन ( ) ।

विवरण

१) पुरा नाम : (क) देवनागरिकमा : .....

(ख) अंग्रेजी (CAPITAL) मा : .....

२) कानून व्यवसायीको किसिम : ..... प्रमाणपत्र नं. :..... जन्म मिति : .....

नागरिकता प्र.प.नं.:..... नागरिकता लिएको जिल्ला : .....

मोबाइल नं. .....ईमेल : .....

स्थाई लेखा नं. : .....

३) स्थायी ठेगाना : .....प्रदेश .....जिल्ला .....न.पा./गा.पा.वडा नं....

४) कानून व्यवसाय गरी आएको ठेगाना : .....प्रदेश .....जिल्ला .....न.पा./गा.पा वडा नं.....टोल : .....

५) कार्यालय (ल फर्म) को नाम : ..... दर्ता नं.: .....
(परिषद् बाहेक अन्यत्र कार्यालय दर्ता गरेको भए कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।)

६) कार्यालय (ल फर्म) को पुरा ठेगाना : .....

मैले माथि उल्लेख गरेका विवरणहरु सत्य छन्, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
मितिः २०७ ...../...../..... कानून व्यवसायीको दस्तखत .....

.....

निवेदकले माथि उल्लेख गरेका विवरणहरु सत्य छन् । निज यस एकाईको सदस्य भई निरन्तर कानून व्यवसाय गरीरहनु भएकोले अद्यावधिक गरिदिन हुन अनुरोध गर्दछु/गर्दछौं ।

बार एकाईको छाप ....
बार एकाई सचिव) (बार एकाई अध्यक्ष)

मितिः २०८ .../...../.....

सम्बन्धित कर्मचारीले भर्ने

मिति २०७...../...../.....को RBB बैंक भौचरबाट/मिति २०७...../...../.....

को रसिद नं. .....बाट अद्यावधिक वापत रु.....प्राप्त हुन आएकोले निजको अद्यावधिक (Valid Upto) ...../...../..... (.....) सम्म कायम रहने छ।

कर्मचारीको दस्तखत : .....



सचिव

अनुसूची - २

(नियम १४(२) सँग सम्बन्धित)

प्रतिज्ञापत्र

..... को नाति/नातिनी

...../.....को छोरा/छोरी .....प्रदेश

..... जिल्ला ..... न.पा./गा.पा. वडा नं....., ...

टोल/गाउँ बस्ने म .....ले नेपाल कानून व्यवसायी परिषद्द्वारा निर्धारित कानून व्यवसायी आचारसंहिता आध्योपान्त पढें मनन गरें। यस प्रतिष्ठित र सेवामूलक व्यवसायमा प्रवेश गर्न लागेको यस क्षणमा यो आचारसंहिता र भविष्यमा परिषद्ले निर्धारित गर्ने आचारसंहितासमेत अक्षरसः पालन गर्ने प्रण गर्दछु। यस व्यवसायको उच्च मर्यादा र गरिमामा आँच आउने काम मबाट कदापि हुनेछैन। आफ्नो ज्ञानलाई कहिले पनि दुरूपयोग गर्ने छैन। उच्च नैतिकता र मनोबल राखी नेपाल कानून व्यवसायी परिषद् ऐन र यस अन्तरगतका नियमहरूको अधीनमा रही कानून व्यवसायीका हैसियतले आफूले पालन गर्नु पर्ने सबै काम र कर्तव्य इमान्दारीकासाथ पालना गर्ने प्रतिज्ञा गर्दै यो प्रतिज्ञापत्र नेपाल कानून व्यवसायी परिषद्मा प्रस्तुतगर्दछु।

प्रतिज्ञाकर्ताको :

रेखात्मक

दायाँ	बायाँ

नाम :-

दस्तखत :-

मिति:-

सचिव

अनुसूची - ३
(नियम १३(६) सँग सम्बन्धित)

Σ *जन्म मिति, नागरिकता नं., नागरिकता लिएको जिल्ला सहित नेपाली र अंग्रेजी भाषामा परिचयपत्र वितरण गर्ने ।*

क्रम संख्या: समाप्ति मिति:

नेपाल कानून व्यवसायी परिषद्
कुपण्डोल, ललितपुर

परिचय-पत्र

फोटो

नाम:

वरिष्ठ, अधिवक्ता

प्रमाणपत्र नं.:
नागरिकता नं.:

.....
अध्यक्ष
(महान्यायाधिवक्ता)

www.nepalbarcouncil.org.np फोन: ०१५२६०९६४/५२६१८८४

Serial No. Valid Upto:

Nepal Bar Council
Kupondol, Lalitpur

IDENTITY CARD

Photo

Name:

Senior Advocate

License No.:
Citizenship No.

Chairman
(Attorney General)

www.nepalbarcouncil.org.np Tel: 5260964 / 5261884

सचिव

Σ परिषद्को मिति २०७०।१०।१४ गतेको निर्णयानुसार संशोधन ।

क्रम संख्या: समाप्ति मिति:

नेपाल कानून व्यवसायी परिषद्
कुपण्डोल, ललितपुर

परिचय-पत्र

नाम:

अधिवक्ता

फोटो

प्रमाणपत्र नं.:
नागरिकता नं.:

.....
अध्यक्ष
(महान्यायाधिवक्ता)

www.nepalbarcouncil.org.np फोन: ०१५२६०९६४/५२६१८८४

Serial No. Valid Upto:

Nepal Bar Council
Kupondol, Lalitpur

IDENTITY CARD

Name:

Advocate

Photo

License No.:
Citizenship No.

Chairman
(Attorney General)

www.nepalbarcouncil.org.np Tel: 5260964 / 5261884

क्रम संख्या: समाप्ति मिति:

नेपाल कानून व्यवसायी परिषद्
कुपण्डोल, ललितपुर

परिचय-पत्र

नाम:

अभिवक्ता

फोटो

प्रमाणपत्र नं.:
नागरिकता नं.:

.....
अध्यक्ष
(महान्यायाधिवक्ता)

www.nepalbarcouncil.org.np फोन: ०१५२६०९६४/५२६१८८४

Serial No. Valid Upto:

Nepal Bar Council
Kupondol, Lalitpur

IDENTITY CARD

Name:

Pleader

Photo

License No.:
Citizenship No.

Chairman
(Attorney General)

www.nepalbarcouncil.org.np Tel: 5260964 / 5261884

क्रम संख्या: समाप्ति मिति:

नेपाल कानून व्यवसायी परिषद्
कुपण्डोल, ललितपुर

परिचय-पत्र

नाम:

अभिकर्ता

फोटो

प्रमाणपत्र नं.:
नागरिकता नं.:

.....
अध्यक्ष
(महान्यायाधिवक्ता)

www.nepalbarcouncil.org.np फोन: ०१५२६०९६४ / ५२६१८८४

Serial No. Valid Upto:

Nepal Bar Council
Kupondol, Lalitpur

IDENTITY CARD

Name:

Agent

Photo

License No.:
Citizenship No.

Chairman
(Attorney General)

www.nepalbarcouncil.org.np Tel: 5260964 / 5261884

सचिव

अनुसूची ४
(नियम १४(३) सँग सम्बन्धित)



नेपाल कानून व्यवसायी परिषद्
NEPAL BAR COUNCIL
कानून व्यवसायी प्रमाण-पत्र
Law Practitioner's Certificate

Photo

प्रमाण पत्र नं
Certificate No.

यस परिषदको मिति ..... को निर्णयानुसार ..... को छोरा/छोरी .....
जिल्ला ..... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं ..... टोल/गाउँमा
स्थायी बसोबास भएका श्री/सुश्री/श्रीमती ..... लाई नेपाल कानून व्यवसायी परिषद् ऐन, २०४० अन्तर्गत
कानून व्यवसाय गर्न पाउने गरी ..... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

As per the decision made by the council on ....., this certificate is conferred on Mr./Ms./Mrs. ..... Son/Daughter of ..... permanent resident of..... Ward No. ..... Of ..... Metropolitan City/Sub-metropolitan City/ Municipality/Rural Municipality of ..... District after having been enrolled his/her name as an ..... under the Nepal Bar Council Act. 1993.

परिषदको छाप
Seal of the Council

प्रमाण पत्र जारी भएको मिति (वि.सं.)
Date of Issue (A.D.)

सचिव
Secretary

उपाध्यक्ष
Vice-Chairman

अध्यक्ष
Chairman

सचिव

अनुसूची ४
(नियम १४(३) सँग सम्बन्धित)

नेपाल कानून व्यवसायी परिषद
NEPAL BAR COUNCIL

वरिष्ठ अधिवक्ताको प्रमाणपत्र
Senior Advocate's Certificate

प्रमाण–पत्र नं.
Certificate No.

मिति.....देखि अधिवक्ताको रुपमा प्रमाणपत्र संख्या.....बाट कानून व्यवसायमा संलग्न रहिआउनु भएका .....को छोरा/छोरी ..... जिल्ला बस्ने .....लाई सर्वोच्च अदालतले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २१(१) बमोजिम पेशाको उच्च मर्यादा राखि अदालत र समाजलाई सहयोग गरेको मिति ..... मा ठहर गर्दै सम्मान स्वरुप वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरी प्रमाणपत्र दिन मिति ..... मा सर्वोच्च अदालतबाट लेखि आएकोले तपाईलाई वरिष्ठ अधिवक्ताको रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

Pursuant to the decision of the Supreme Court of Nepal dated ..... in accordance with Section 21(1) of Nepal Bar Council Act, 2050 B.S. (1993 AD) to confer the title of Senior Advocate to .....Son of.....resident of ..... District, have been practicing Advocate since ..... having license no. ..... in honor of his service to the court of law and society by maintaining dignity of the profession and whereas the Supreme Court of Nepal has notified the above decision to the Nepal Bar Council on .....Therefore in accordance with that notification, this certificate is conferred on to him after having been enrolled his name as a Senior Advocate at Nepal Bar Council.

परिषद्को छाप
Seal of the Council

प्रमाणपत्र जारी भएको मिति (वि.सं.) :
Date of Issue (A.D.) :

( ) सचिव Secretary

( ) उपाध्यक्ष Vice-Chairman

( ) अध्यक्ष Chairman

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: ४१०८३
दर्ता मिति: २०८३।०१।१६

नेपाल कानून व्यवसायी परिषद

आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली (पहिलो संशोधन) नियमावली,२०८३

प्रस्तावना: आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल कानून व्यवसायी परिषद् ऐन,२०५० को दफा २७ ले दिएको अधिकारी प्रयोग गरी परिषद्ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "आन्तरिक कार्यव्यवस्था सञ्चालन(पहिलो संशोधन) नियमावली,२०८३" रहेको छ।

(२) यो नियमावली परिद्ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ को नियम (१३) को उपनियम (१) मा संशोधन:** आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम (१३) को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ।

प्रत्येक ५ वर्षमा कानून व्यवसायीको लगत अद्यावधिक बनाइनेछ। लगत अद्यावधिक बनाउने प्रयोजनको लागि कानून व्यवसायीले अनुसूची १ को ढाँचामा विवरण भरी परिषदमा निवेदन दिन सक्नेछन्। कानून व्यवसायीले चाहेमा दोब्बर दस्तुर तिरी एकै पटकमा १० वर्षको लागि अद्यावधिक गराउन सक्नेछन्।

श्रीराम धनाल
सचिव

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति: नियमावली
दर्ता नं: ९८
दर्ता मिति: २०८३।०८।०८

नेपाल कानून व्यवसायी परिषद
ललितपुर, नेपाल
Lalitpur, Nepal
स्था. २०५०
Estd. 1993

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल कानून व्यवसायी परिषद

आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली (दोश्रो संशोधन) नियमावली,२०८३

प्रस्तावना: आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल कानून व्यवसायी परिषद् ऐन,२०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी परिषद्ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "आन्तरिक कार्यव्यवस्था सञ्चालन(दोश्रो संशोधन) नियमावली,२०८३" रहेको छ।

(२) यो नियमावली परिषद्ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ को नियम (१३) को उपनियम (२) मा संशोधन:**

आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम (१३) को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ।

गैर सरकारी कार्यालय वा संघ संस्था वा निकायमा पुरा समय सेवा गर्ने कर्मचारीले कानून व्यवसायी प्रमाणपत्र लिएको रहेछ भने सेवा अवधि समाप्त भएपछि वा सेवाबाट अलग भएपछि परिषदमा निवेदन दिन पाउनेछन्।

तर, पुरा समय काम गर्ने कर्मचारी भएता पनि कानून व्यवसाय गर्ने स्वीकृति अख्तियारवालाबाट लिएको रहेछ भने त्यसको प्रमाण सहित निवेदन दिन पाउनेछ।

३. **आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ को नियम (१३) को उपनियम (२) पछि देहायको उपनियम(२क) थपिएको छ:**

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सेवामा स्थायी नियुक्ति पाई कार्यरत रहेका निजामती कर्मचारीहरु, न्यायाधीश वा न्याय सम्पादनको कार्यमा संलग्न रहेका व्यक्तिहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, नेपाली सेनामा कार्यरत रहेका व्यक्तिहरु, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पारिश्रमिक लिने विद्यालयका स्थायी शिक्षकहरु लगायत अन्य कर्मचारीहरुले कानून व्यवसायीको प्रमाणपत्र लिएको रहेछ भने सेवा अवधि समाप्त भएको २ वर्षपछि मात्र अद्यावधिकको लागि निवेदन दिन पाउने छन्।

तर,पूरा समय काम गर्ने कर्मचारीहरुले आफू अख्तियारवालाबाट कानून व्यवसाय गर्न स्वीकृति लिएको वा संघीय न्याय सेवाको सरकारी वकील समूहमा र विश्वविद्यालय वा शैक्षिक संस्थाका कानून विषय प्राध्यापन गरी सेवा निवृत भएका व्यक्तिहरु र यो नियम संशोधन हुँदाका बखत प्रमाणपत्र अद्यावधिक भैसकेकाको हकमा यो बन्देज लागु हुने छैन।

२०८३।८।८

श्रीराम खनाल
सचिव